# रौतामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर

कोशी प्रदेश, नेपाल ।

पत्र सं.:-०८०।०८१
च.नं. :-

## कार्यक्रम संचालनको लागि प्रस्ताव आह्वान सम्बधी सूचना।

सूचना नः१-०८०/०८१(पशु सेवा शाखा) प्रथम पटक प्रकाशित मितिः २०८०।०६।०२

यस रौतामाई गाउँपालिका पशु सेवा शाखा भुट्टार उदयपुरको आ व २०८०।०८१ को स्विकृत वार्षिक कार्यक्रम अनुसार विभिन्न शर्तहरु पालना गर्ने गरी देहायका कार्यक्रमहरुमा साँझेदारी गर्न यस रौतामाई गाउँपालिकाका ईच्छुक आवेदकहरुबाट यो सूचना प्रकाशित मितिले ३० दिन भित्र रौतामाई गाउँपालिकाको पशु सेवा कार्यक्रम सन्चालन कार्यविधि २०७५ ले तोके अनुसारको ढाँचामा प्रस्ताव दर्ता गर्न हुन आह्वान गरिन्छ । साथै म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु दर्ता नहुने र रित नपुगेका प्रस्तावहरु छनौट प्रक्रियामा समेत समावेश नगरीने व्यहोरा सुचित गरिन्छ साथै थप जानकारीका लागि रौतामाई गाउँपालिका पशु सेवा शाखा, भुट्टार, उदयपुरमा सम्पर्क गर्न सक्नुहुनेछ।

कार्यक्रम विवरणः

| क्र सं | कार्यक्रमको नाम | इकाई | परिमाण | कार्यक्रमको अधिकतम साँझेदारी रकम रु | अनुदान प्राप्त गर्न सक्ने सम्भावित साँझेदारहरु |
|---|---|---|---|---|---|
| १ | साना व्यावसायीक कृषकहरुलाई बाखा र बंगुरको खोर सुधारमा अनुदान कार्यक्रम ७५ प्रतिशत अनुदान | वटा | ५ | कुल लागतको ७५ प्रतिशत वा बढीमा रु २ लाख प्रति इकाई मध्ये जुन कम हुन आउँछ। | निजि फर्मको हकमा बाखाको खोर सुधारका लागि कम्तीमा ३० वटा प्रजनन योग्य माउ बाखा पालन गरिरहेको र समुह तथा सहकारीको हकमा कम्तिमा ५ जना सदस्य भएको र प्रत्येक सदस्यले कम्तिमा १० वटा प्रजनन् योग्य माउ बाखा पालन गरेको कृषक फर्म समूह तथा सहकारीहरु, बंगुरको खोर सुधारको लागि निजि फर्मको हकमा प्रजनन् लागि भए ५ वटा प्रजनन् योग्य माउ बंगुर पालन गरेको र मासुको लागि भए १० वटा बंगुर पालन गरेको कृषक फर्म समूह तथा सहकारीहरु। |
| २ | पशुपंक्षीको स्थानीय स्तरमा दाना बनाउने मेशिन खरिद ढुवानी तथा वितरण कार्यक्रम ५० प्रतिशत अनुदान | वटा | ३ | कुल लागतको ५० प्रतिशत वा बढीमा रु ४५ हजार प्रति इकाई मध्ये जुन कम हुन आउँछ। | व्यवसायीक पशु पालन गरिरहेका कृषक फर्म समूह तथा सहकारीहरु। |
| ३ | भेडा पालन तथा प्रवर्द्धन कार्यक्रम ७५ प्रतिशत अनुदान | वटा | २ | कुल लागतको ७५ प्रतिशत वा बढीमा रु ३ लाख प्रति इकाई मध्ये जुन कम हुन आउँछ। | भेडा पालन कार्यक्रमलाई प्रोत्साहीत गर्ने कार्यक्रम रहेको हुँदा भेडा पालन भईरहेको र हुने सम्भावित क्षेबका दर्तावाला पशु पालक कृषक फर्म समूह र सहकारीहरु। |
| ४ | स्थानीय कुखुरा कालिज पालन तथा प्रवर्द्धन कार्यक्रम ७५ प्रतिशत अनुदान | वटा | १ | कुल लागतको ७५ प्रतिशत वा बढीमा २ लाख प्रति इकाई मध्ये जुन कम हुन आउँछ। | व्यवसायीक पशु पालन गरिरहेका कृषक फर्म समूह तथा सहकारीहरु। |

आवस्यक कागजातहरुः

१. अनुसूचि २ अनुसारको आवेदन पत्र वा निवेदन।
२. अनुसूचि ३ अनुसारको सम्क्षीप्त कार्य योजना।
३. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।
४. कृषी फार्म तथा कम्पनीको हकमा सस्था दर्ता प्रमाण पत्र प्यान भ्याट दर्ता प्रमाणपत्र र पछिल्लो आ व को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
५. कृषक समुह वा कृषी सहकारी संस्थाको हकमा दर्ता प्रमाणपत्र प्यानभ्याट दर्ता प्रमाणपत्र संस्था संञ्चालन समितिको बैठक निर्णयको प्रतिलिपी ।
६. लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि।
७. सम्बन्धित वडा कार्यालयको कार्यक्रम संञ्चालनमा दोहोरो सहयोग नहुने सहितको सिफारीस पत्र।
८. हाल सम्म कुनै पनि सरकारी तथा गैरसरकारी कार्यालयबाट समान प्रकृतिको अनुदान नलिएको स्वो घोषणा पत्र।
९. आफुले व्यावसायीक रुपमा पाल्दै आएको पशुपंन्छीको हालै बिमा गरेको प्रमाणको प्रतिलिपि।
९. अन्य छुट कुराहरु प्रचलित नियमानुसार हुनेछ।

२०८०।०६।०२

जनक बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

"कृषि, पर्यटन, विकास र पूर्वाधार : समृद्ध रौतामाई निर्माणको आधार"
ईमेलः rautamairm@gmail.com वेवसाईटःwww.rautamaimun.gov.np

CamScanner